यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ८ ○अंक ३१ ○श्रेणी 'क' ○२०७२ कार्तिक १ गते आइतबार ○ 18 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

उत्कृष्ट काम गर्ने प्रहरी अधिकृतहरु प्रहरी दिवसमा पुरस्कृत
प्रहरीको भूमिका सहानीय-शाही

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

नेपाल प्रहरीको ६०औं बार्षिकोत्सव पोखरामा पनि बिभिन्न कार्यक्रम गरी मनाईएको छ । पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखराको आयोजनामा तीन दिने कार्यक्रम सहित प्रहरी दिवस मनाईएको हो । दिवसको अवसरमा शनिवार आयोजित विशेष समारोहका बीच पश्चिमाञ्चल क्षेत्रका विभिन्न युनिटमा रही उत्कृष्ट सेवा प्रदान गर्ने प्रहरी अधिकृत, जवान, कर्मचारी एवं प्रहरीलाई सहयोग गर्ने नागरिक समाजका ब्यक्तिहरुलाई सम्मान गरिएको छ । हरेक बर्ष प्रहरी दिवसको अवसरमा क्षेत्रभरमा उत्कृष्ट काम गर्नेहरुलाई सम्मान एबं पुरस्कृत गर्ने प्रचलन छ । कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक हरिबहादुर पाल, पश्चिम क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी उपरीक्षक मुकुन्दराज आचार्य, जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक सुमन कुमार तिमिल्सिना पुरस्कृत भएका छन् । त्यस्तै ईलाका प्रहरी कार्यालय बेलटारी नवलपरासीका प्रहरी निरीक्षक जगत बन्धु पोखेल, डाडाको नाक प्रहरी चौकीका प्रमुख प्रहरी निरीक्षक गंगा बहादुर थापा, जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख प्रहरी निरीक्षक श्यामु अर्याल पुरस्कृत भए ।

यसैगरी वडा प्रहरी कार्यालय बैदामका प्रमुख प्रहरी निरीक्षक वीरेन्द्र गोदार, अञ्चल शसस्त्र प्रहरी गुल्म गण्डकीका प्रहरी नायव

निरीक्षक लालधारी चौधरी, क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी हवल्दार जागेश्वर चौधरी, पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण पोखराकी प्रहरी जवान शुष्मा परियार, कार्यालय सहायक मेख बहादुर विकलाई पनि पुरस्कृत गरिएको छ । उनीहरुलाई पश्चिम क्षेत्रीय प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक प्रकज श्रेष्ठले नगद सहित पुरस्कृत गरेका थिए । त्यस्तै नागरिक समाजको तर्फबाट प्रहरीको कामकार्बाहीमा सघाउने सिद्धार्थ नगरपालिका भैरहवा ५ का ओमकार गौचन, जिल्ला अस्पताल पाल्पाका डा. झपेन्द्र ढकाल, बाग्लुङ नगरपालिका १ का दुर्गा बहादुर आचार्य क्षेत्रीलाई सम्मान गरिएको छ । उत्कृष्ट प्रहरी कर्मचारीको रुपमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक राज कुमार बैदवार, क्षेत्रीय प्रहरी कार्यालय पोखराका प्रहरी नायव उपरीक्षक शैलेन्द्र रेग्मी, सशस्त्र प्रहरी गण पोखराका प्रहरी निरीक्षक उत्तम प्रकाश बराल, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षकद्वय देविप्रसाद पौडेल र चन्द्रा गुरुङलाई पुरस्कृत गरिएको छ । उनीहरुलाई पुनरावेदन अदालत पोखराका मुख्य न्यायाधिश डम्बर बहादुर शाहीले सम्मानपत्र प्रदान गरेका थिए । दिवसको अवसरमा आयोजित श्रद्धाञ्जली, पुरस्कार बितरण तथा पुन:मिलन समारोहमा यस क्षेत्रका अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । कार्यक्रममा पुनरावेदन अदालतका मुख्य न्यायधिश शाहीले नेपाल प्रहरीले गरेका कामको प्रशंसा गर्दै आगामी दिनमा अझै दृढ भई काममा लाग्न आग्रह गरे । सीमित साधन र स्रोतका बीच पनि देशमा आईपर्ने दैविप्रकाप, प्राकृतिक प्रकोप लगायतका बेला प्रहरीले उत्कृष्ट काम गरेको उनले उल्लेख गरे । सह-क्षेत्रीय प्रशासक दिवाकर बाँस्तोला, पूर्व प्रहरी संगठन कास्कीका अध्यक्ष एक नारायण शर्मा र मानवअधिकारकर्मी टेकनाथ वरालले प्रहरीले गरेका कामको प्रशंसा गरेका थिए ।

बाँकी ३ पृष्ठमा......

कम्युनिष्ट एकतामा युवासंघ लाग्छ-पहारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

युवा संघ नेपालका अध्यक्ष राजीव पहारीले एउटै कम्युनिष्ट पार्टी बनाउका लागि युवा संघले अभियान चलाउने बताएका छन् । प्रेस चौतारी कास्कीले शनिवार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा पहारीले धेरै राजनीतिक दलहरु हुदाँ राजनीतिक अस्थिरता बढेको भन्दै कम्युनिष्ट पार्टीहरुको एकतामा जोड दिएका हुन् ।

पहारीले राजनीतिक स्थायित्व र देशलाई समृद्ध बनाउन एउटै कम्यूनिष्ट पार्टीको आवश्यकता औल्याए । पहारीले आफनो संविधान आफैले बनाउने नेपाली आकाङ्क्षालाई रोक्न भारतले नेपालमा नाङगो हस्तक्षेप गरेको बताए ।

उनले नेपालीको स्वाभिमानमा आँच आउने गरि भारतले गरेको हस्तक्षेप विरुद्ध यूवा संघले प्रतिरोध गदै हस्ताक्षर अभियान संचालन गरेको बताए । भातरीय हस्तक्षेप विरुद्ध युवा संघले भण्डाफोर अभियान अर्न्तगत हस्ताक्षर संकलन गरेको बताउदै भारतका अगाडि नझुक्ने पहारीले बताए । उनले नेपालीहरु गरिव भएपनि स्वाधिन रहेको बताउदै पदका लागी

स्वाभिमान नबेच्ने बताए । उनले भारतले गरेको नाकाबन्दी पारवहान सन्धि सम्झौता विरुद्ध भएको बताउदै जस्तोसुकै कष्ट झेल्न तयार रहेको तर तेलमा स्वाभिमान र राष्ट्रियता बेच्न नसकिने बताए । उनले भने भारतसंग कुनै पनि हालतमा नझुक्न नेताहरुलाई दवाब दिएको समेत बताए । उनले संविधान जारी भएको र त्यसलाई कार्यान्वयन गर्न सवै दलहरु एकजुट हुनुपर्नेमा जोड दिए । राजनीतिक क्रान्ति सफल भएको बताउदै अव देशलाई आर्थिक समृद्धिमा अगाडि वढाउनुपर्ने आवश्यकता औल्याए । देशलाई आर्थिक समुन्नत बनाउन दलहरु वीच एकता र सहकार्यको आवश्यकता रहेको बताए । उनले नेपालमा रहेका कम्यूनिष्टहरु एक हुनुपर्ने बताउदै त्यसको अगुवाई युवा संघले गरेको बताए । सवै कम्युनिष्टहरु लाई समेटेर एउटै कम्युनिष्ट केन्द्र बनाउन एमाओवादी अध्यक्ष प्रचण्डसंग भेट गरेको बताए । च्याउसरी पार्टी खोल्नु भन्दा एउटै बनाएर अगाडि बढनुपर्ने पहारीले बताए । युवाहरु रहरले नभई बाध्यताले विदेशी भुमिमा पसिना बगाएको बताउँदै उनले उनीहरुलाई स्वेदशमै काम गर्ने वातावरण बनाउनेतर्फ राज्यले सोच्नु पर्ने बताए ।

पहारीले अनेक वहाना बनाएर पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बन्न नदिइएको बताउँदै विमानस्थल बनाउन युवा संघले दवबा दिने बताए । काठमाडौ बाहेक अनेत्र विमानस्थल बनाउन नदिने षड्यन्त्रको भण्डाफोर गर्ने उनले बताए । पहारीले युवा संघको विवाद टुगिंएको बताउँदै सबैलाई समेटेर अगाडि बढ्ने प्रतिवद्धता पनि व्यक्त गरे । प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष रामजी लम्साल र संचालन सह-सचिव मोतीसागर अधिकारीले गरेका थिए ।

हार्दिक बधाई एवं शुभकामना

यस समितिका सल्लाहकार, आजीवन सदस्य एवं पोखराका जुझारु युवा पत्रकार श्री **हरि पन्त**ज्यू पत्रकारिताको क्षेत्रबाट समग्र लायन्स क्लवको गतिविधिलाई प्रचार–प्रसारमा सहयोग गरि लायनवादलाई माथि उकास्न महत्वपूर्ण योगदान पुऱ्याएकोमा लायन्स क्लव अफ पोखरा पिस चौतारीद्वारा नगद पुरस्कार सहित सम्मानित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगति एवं उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।

झक्कबहादुर सारू मगर
अध्यक्ष एवं
धादिङ-पोखरा सम्पर्क समिति परिवार
पोखरा–४,रामकृष्णटोल

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ
विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।
BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.
Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरू :
- International & Domestic Hotel Booking.
- Tourist Bus Ticket & Other Travels.
- Helicopter Charter.
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

प्लाष्टिक झोलाको विकल्प,
कागज कपडाको संकल्प ।
प्लाष्टिक झोलाको सट्टामा
मासु बेचौं बट्टामा ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

STUDY IN JAPAN
January/April intake 2016
- High Visa Success rate
- NAT/JLPT Optional
- Audio/ Video को माध्यमबाट पढाइ
- College/ City of your Choice
- Free language / Documentation
- हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
- Gap भएकाले पनि Apply गर्न मिल्ने
- जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरू धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

CG | Marketed by EOL
Dakshinkali Electronics, Pokhara: 061-541348; Digital Sound & Vision, Pokhara: 9856022580; Pushpa Ratna Traders, Pokhara: 061-541039; Pumori Electronics, Pokhara: 061-538285; B. G. Electronics, Pokhara: 061-432483/ 9856031859; K. C. Eletronics, Dulegauda: 9846060756; National Radio Center, Damauli: 065-561253; Adhikari Electronics, Baglung: 068-520165; New AS Audi Video, Dumre: 065-580044; Naresh Electronics, Gorkha: 9846068520; Shree Ram Electronics, Waling: 9856055162; Shramik Radio TV Center, 12-Kilo, Gorkha: 9846217817, Heera Sound & Vision Marmat Kendra, Beni: 069-520114/ 9857640041; Nisha Trading, Galang, Waling: 9856028732; R.G.C. Electric & Electronics, Pokhara: 061-53512

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय . .

राज्यको ढुकुटी दुरुपयोग नगरौं

केही दिन अघि सरकारले करोडौं रकम दशैं खर्चको रुपमा कार्यकर्तालाई बाँडेको खवर आयो । सुशिल कोइराला नेतृत्वको सरकारले राज्यको ढुकुटीबाट बाँडेको उक्त रकमको सर्वत्र आलोचना भइरहेको छ । देश आर्थिक रुपमा कमजोर भैरहेको समयमा कार्यकर्तालाई उपचार खर्चको नाम दिएर बाँडिएको रकमले विकास निर्माण र भूकम्प पीडितलाई राहत र पुनस्थापनामा ठूलो सहयोग पुग्ने संभावना थियो । तर भूकम्प पीडितले अझै पाल मुनी जीवन विताइरहेकै समयमा बाँडिएको उक्त रकमले आम जनतामा नकारात्मक असर परेको छ । त्यसोत सुशिल नेतृत्वको सरकार भएपनि काँग्रेस र एमालेका कार्यकर्ताले उक्त रकम पाएका थिए । दशैंकै संघारमा फेरी केपी नेतृत्वको सरकार गठन भएको छ । यो सरकार प्रति पनि धेरै कार्यकर्ताको आशा हुन सक्छ । यो सरकारमा एमाओवादी, राप्रपा नेपाल र केही मधेशी दल समेत छन् । उनीहरुका कार्यकर्ताले पनि दशै खर्च भनेर फेरी माग्ने संभावना छ । सरकारले पनि उपचार खर्च लगायतको बाहनामा करोडौं रकम फेरी पनि वितरण गर्ने संभावना छ । तर जुनसुकै सरकार होस्, त्यसरी रकम बाँड्ने कामले आम भूकम्प पीडित जनता, सामान्य औषधि गर्न नसकेर ज्यान गुमाइ रहेका सर्वसाधारणको मनमा ठूलो चोट पर्नेछ । त्यतिमात्र होइन गणतन्त्र कार्यान्वयनको लागि गठन भएको सरकारप्रति पनि फेरी पंचायतकालिक शासक जस्तै, निरंकुश शासन काल जस्तै अविश्वास कायम रहने अवस्था आउन दिनु हुँदैन । चाडपर्वलाई सहज र सरल बनाउनेमा सरकारको पहल हुनुपर्छ । नाकाबन्दीले पनि जनता अहिले आक्रान्त छन् । व्यवसाय सिथिल भएको छ । श्रमजीवि नेपाली नागरिकको कमाइ छैन, काम पाएका छैनन्, नत दैनिक उपभोग्य सामाग्री किनमेल गर्ननै पाएका छन् । तसर्थ नेपाली जनताले कष्टकर जीवन यापन गरिरहेको समयमा कार्यकर्तालाई बाँडिने रकम, सरकारले जनतालाई भन्दा कार्यकर्तालाई पोस्ने कामले ल्याउने परिणाम ज्यादैनै प्रत्युपादक हुनेछ । दशैं तिहार जस्ता चाडपर्व शुरु भएर पनि भूकम्प पीडितहरुले कष्टपूर्ण जीवन विताइरहेका छन् । बरु सानो सानो रकमले उनीहरुको सुरक्षित बासस्थान निर्माण गर्ने तथा पालको जीवनबाट छुटकारा दिने काम गर्नु यो सरकारको पहिलो दायित्व हुनेछ । कष्टकर रुपमा बसेका पीडितलाई सुरक्षित पुनःस्थापना गर्न सकेमा यो सरकारप्रति हेर्ने दृष्टिकोण सकारात्मक हुनेछ । नयाँ संविधानको कार्यान्वयन, गणतन्त्र संस्थागत गर्दै विकासको बाटोमा देशलाइ हिंडाउने काममा सरकारले प्राथमिकता दिन सक्नुपर्छ । नकी कार्यकर्ताको दवाव थेग्न नसक्ने गरी गरिने जुनसुकै कामबाट एकादुइ कार्यकर्ता सन्तुष्ट भएपनि बहुसंख्यक जनता असन्तुष्ट हुने देखिन्छ । जसको कारण सरकारमा जति समय बस्दै गयो, जनमत क्रमशः घट्दै जाने डर पनि उत्तिकै हुन्छ । जे होस्, दशैंमा नेता कार्यकर्तालाई जस्तो खुसी छ, त्यस्तै खुसी सर्वसाधारण जनतालाई पनि दिने कोसिस गरेमा मात्र पनि अहिलेको अवस्थामा सरकारप्रतिको दृष्टिकोण सकारात्मक हुनेछ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल कार्तिक १ गते आइतबार, तदनुसार अक्टुवर १८ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनशुक्ल (दुर्गा) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनशुक्ल (दुर्गा) पक्षको पञ्चमी तिथि ५ घटि ६ पला अर्थात बिहानमा ८ बजेर ०६ मिनेटसम्म त्यसउप्रान्त षष्ठी तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि ४४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

वृष : यशकृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ ।

मिथुन : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला ।

कर्कट : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

कन्या : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

तुला : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

धनु : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मकर : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मीन : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

भूकम्पको घाउमा संविधानले मलम

✍ गोमा कोइराला सुवेदी

हाम्रो देश नेपाल पहाड, हिमाल, खोंच र खोला नाला, वनजङ्गल र झरना बाट विश्वलाई मोहित पार्ने रमणीय देश हो । यिनै कारणले गर्दा हाम्रो देश नेपालका लागि उदाहरणीय र स्वर्णिम छ । त्यसै गरी नेपाल भू-परिवेश देश भएको ले गर्दा भूकम्प जाने धेरै सम्भावना भएको कारणले गर्दा २०७२/१/१२ गते र २०७२/१/२९ गते गएको महाभूकम्पले नेपालको विभिन्न पहाडी र उपत्यकामा विनाशकारी भूकम्प गयो र नेपालीहरुले ठूलो रुपमा नजधन र बास गुमाउनु पऱ्यो । यो नेपालको लागि दुभार्ग्य थियो । यो अवस्थामा हाम्रो देशले ऐतिहासिक संरचनाहरु धेरै गुमाउन पुग्यो । कसैका श्रीमती विधवा भए, कतिले छोराछोरी गुमाउनु पऱ्यो, कतिले बाबाआमा गुमाएर अनाथ भए । कतिको सबै शाखा सन्तान कति अपाङ्ग भए कति ले मानसिक सन्तुलन गुमाउन पऱ्यो । बाहिर विदेशमा गएका नेपालीहरु कतिले आफ्नो घर कहाँ हो परिवार छ छैन् थाहाँ पाउन समेत सक्ने अवस्था थिएन् ।

यस्तो अवस्थामा हाम्रा छिमेकी देशहरुले जति सक्दो चाडो आएर भूकम्पमा परेकालाई उद्धार गर्न आफ्नै देशबाट, विभिन्न औजार, राहात स्वरुप खाद्यन्न, पाल, औषधि, डाक्टर ल्याई शिविर राखेर उपचार समेत र रेक्सीयन व्यक्तित्वहरु, आर्मी, प्रहरी जवान, हवाईजहाजमा हेलिकप्टरमा आई जति सक्दो चाडो र आफूँले सक्दो सहयोग गरेर नेपालीलाई सद्भाव, सान्त्वना र साहस देखाई आफ्नो ज्यानको प्रवाह नगरी नेपाललाई सहयोग गरेका थिए ।

त्यसै गरी नेपालीहरु एकजुट भई आफूँले जतिसक्दो आफ्नो क्षमता अनुसार तत्कालिन राहत जुटाउन एकजुट भए । नेपालका सशस्त्र, प्रहरी, आर्मी, संघ-संस्था एन.जी.ओ. आ.इ.जी.ओ सरकारी, गैरसरकारी युवा जवान एकजुट भएर भूकम्पले बढी प्रभावित क्षेत्रमा पहिलो प्राथमिकता दिई विभिन्न क्षति ग्रस्त ठाउँमा गएर उपचारको लागि डाक्टर, शिर ढाक्न पाल, सास राख्न पानी,उभिन बिस्कुट, चाउचाउ, चिनी, चियापत्ति, नुन, चामल, दाल, केही मात्रामा यातायात नपुगेको ठाउँमा हेलिकप्टरमार्फत राहत खसालेर टाढाटाढा बाट आएर लगे । अझ दुर्गम र थाहा नपाउने ठाउँमा थाहा नपाएर पुग्न नसकेको कारणले कतिले ज्यान गुमाउनु पऱ्यो । यस्तो अवस्थामा नेपालीको मन कति कमलो छ र दुःख पर्दा सबै एक जुट भएर सहयोग गर्ने ह्रदय छ । यो अवस्थामा को धनी को गरिब ? भनि ती सबै एउटै पालमुनि बस्ने बाध्यता भयो । त्यसकारण छिमेकी देशहरु पनि हाम्रो दुःख को साथी असल साथी हुनुहुन्छ । हामी सबै नेपाली को तराई को पहाडी को हिमाली ? हामी सबै एक हौं भन्ने पाठ सिकियो । हामी मिलेर बस्नै पर्दछ । यो भूकम्पले गर्दा अर्को सकारात्मक सोंच नेपालीमा आयो र नेताहरुलाई पनि विभिन्न क्ष्यती ग्रस्त ठाउँमा गएर जनताको पिर मर्का देखेर न गास छ न बास छ पालमुनी बसेका ठाउँमा पनि धर्ती फाटेर जनता बस्न पाएका छैनन् र राता रात ठाउँको बस्ने ठाउँको खोजी गर्न बाध्य छन् । यो देख्दा नेताहरुमा जनचेतनको ज्ञान आयो र हामीहरु जसरी पनि सबै नेता एक हुनुपर्दछ । यो दुःख को घडीमा हामीले देशको लागि संविधान ल्याउनु पर्दछ भन्दै देशको मूल कानुन बनाएर देशको लागि विकास निमार्ण, ऐतिहासिक धरोहरहरु यथावत बनाउन पर्दछ र नेपालका युवाहरुलाई आफ्नै देशमा रोजगार दिनुपर्दछ भनेर लामो संघर्ष, ठूलो खर्च र नेताहरु बीच खितातानी सबैलाई भुलेर संविधान ल्याउनको लागि नदिन न रात भनि सबै नेताले आ-आफ्नो कर्तव्य र भूमिका र जिम्मेवार पुरा गर्न कुनै कसर नराखी बल्ल-तल्ल २०७२/०६/०३ सालमा संविधान लाई स्वागत गर्दै चोक-चोक, राजनीतिज्ञ दल, विभिन्न संघ-संस्था व्यक्ति विशेष हर्ष उल्लासका साथ दिपावली टोल-टोलमा भयो र छिमेकी देशबाट शुभकामना साथै स्वागतका लहरहरु आइरहेका थिए । अर्को तर्फ आफैंले बनाएको संविधान विरोध गर्दै मधेश तिर हड्ताल भैरहेको थियो । कति को हड्तालको बीचमा ज्यान गयो कति अपाङ्ग भए । कति उपचार नपाएर ज्यान गुमाए, कतिले बन्दको कारणले व्यापार गर्न नपाएर बिहान बेलुकाको छाक टार्न नसकेर बिरामी परे । त्यति नभएर भारतको र नेपालको सिमानामा गएर नाका बन्दी गरे । जे गरे पनि आखिरमा नेपाली जनतालाई नै मर्का हो अरु कसैलाई फरक पर्दैन । जहाँ जति नोक्सान भएको छ नेपाल र नेपालीकै नोक्शान भएको छ ।

संविधानमा चित्त नबुझेका कुरा थाहा गरी सुल्झाउनु पऱ्यो । देश भूकम्पको मारले रोएको बेलामा नेताहरु मिली देशलाई माया गरेर देश जोगाउनुको सट्टा देशलाई अझ बिग्रन तर्फ लाग्दैछन् । भारत सरकार हाम्रो असल छिमेकी देश हो, उहाँहरुले पनि असल मित्रताको व्यवहार गर्नुपऱ्यो । कसैले कागले कान लग्यो भन्दैमा पहिला कान छ की छैन भनेर ऱ्यो । कसैले कागले कान लग्यो भन्दैमा पहिला कान छ की छैन भनेर छाम्नु पऱ्यो । नराम्रो कुरा सुनाउनेको कुरा सुन्नु भएन । मोदी सरकारबाट नेपाली जनताले सकारात्मकको अपेक्षा गरेका छन् । नाका खोली देशमा भाइचाराको सम्बन्ध राखौं । अझैं भूकम्पका प्रभावले गर्दा बढि, पहिरो जानेर बाटो अवरोध हुने भैरहेको छ । त्यसकारण समस्या सुझाएर देशलाई संकटबाट बचाऔं हामी सबै नेपालीको दायित्व हो । साथै देशलाई माया गरि देश जोगाउनु हाम्रो कर्तव्य र जिम्मेवारी हो भन्दै देशलाई बचाऔं ।

(लेखक : सिद्धार्थटोल टोल विकास संस्थाकी अध्यक्ष हुनुहुन्छ)

शिशु निकेतनमा माछापुच्छ्रे लायन्सको पिसपोष्टर

✍ गोल्डेन न्यूज संवाददाता

पोखरा ३० असोज ।

लायन्स क्लब अफ पोखरा माछापुच्छ्रे भिलेजले आफ्नो वार्षिक कार्यतालिका अन्तर्गत अन्तर विद्यालय पिस पोस्टर प्रतियोगिता शनिबार सम्पन्न गरेको छ । सो प्रतियोगितामो शिशु निकेतन उ.मा.विका अनुसुया बराल प्रथम, सोहि विद्यालयका अविनभ विक्रम थापा द्वितीय र विद्या निकेतनका सन्जय गुरुङ्ग तृतीय र शिशु निकेतनकै सारा भट्टराई सान्त्वना हुन सफल भएका थिए । सो प्रतियोगितामा विजयी विद्यार्थीहरु लाई कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब अफ नेपाल ३२५ वी १ का रिजन चेयरपर्सन दुर्गा प्रसाद हुमागाईंले पुरस्कार तथा मायाको चिनो प्रदान गरेका थिए । १५ जना विद्यार्थीहरु सहभागी सो प्रतियोगितामा गोविन्द थापाले निर्णायकको भूमिका खेलेका थिए ।

कार्यक्रममा क्लवका ओरिन्टेसन चिफ पर्सन इन्जिनियर रामचन्द्र पोखरेल, जोन चेयर पर्सन तोरण कुँवर, शिशु निकेतन स्कुलका सह प्राचार्य विश्वकुमार कार्की लगायतले मन्तब्य ब्यक्त गरेका थिए । क्लबका अध्यक्ष शिवराज आचार्यको अध्यक्षतामा संचालित कार्यक्रममा स्वागत प्रतियोगिताका संयोजक नविन भट्टराईले गरेका थिए भने संचालन सचिव शोभाकान्त पौडेलले गरेको क्लबका निर्देशक रामजी प्रसाद लम्सालले जानकारी दिए ।

मसिना पर्यटन सहकारीको साधारणसभा

पोखरा ३० असोज ।(गोल्डेन)

मसिना पर्यटन सहकारी संस्था लिमिटेडको तेश्रो बार्षिक साधारण सभा शनिवार लेखनाथमा सम्पन्न भएको छ । साधारण सभाको उद्घाटन गर्दै, पोखरा उपत्यका नगरविकास समितिका अध्यक्ष काश मोहन खनालले पर्यटनको संभावना रहेको लेखनाथमा सहकारीको माध्यमबाट लगानी र पूर्वाधार निर्माण गर्न आग्रह गरेका छन् । उनले लेखनाथका सात वटा ताल मध्ये केही तालहरु संकटमा रहेको उल्लेख गर्दै, ती तालहरुको संक्षणका लागि बीउँ पूजि स्थापना गरी सवै सहकारीहरुसँग सहकार्य गरेर अघि बढ्न आग्रह गरे । संस्थाका अध्यक्ष प्रशान्त धमलाको अध्यक्षताामा भएको कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका महासचिव छत्रधर आत्रेयले स्थानीय खोला नालामा खेर गएको जलश्रोतलाई सदुपयोग गर्न आग्रह गरे । कार्यक्रममा लेखनाथ सहकारी मञ्चका उपाध्यक्ष सोमलाल कंडेल, संचारकर्मी नबराज सापकोटा, लेखनाथ नगरपालिकाका प्रतिनिधि दिपक कोइराला, जनता बचत तथा ऋण सहकारी संस्थाका विश्वमोहन पौडेल, स्मल हेभेन वोर्डिङ स्कुलका प्राचार्य ध्रुव गिरी, गोगन कालिका बचत तथा ऋण सहकारी संस्थाका सरस्वती तिवारी, लगायतले बोलेका थिए । कार्यक्रममा स्वागत मन्तव्य संस्थाका सह-सचिव सोमनाथ बास्तोला तथा संचालन सचिव विष्णु प्रसाद तिवारीले गरेका थिए । साधारणसभाले सचिव तिवारी र कोषाध्यक्ष बिमला कुमारी थापा बस्नेतले प्रस्तुत गरेको प्रतिवेदन समेत पारित गरेको थियो ।

धर्मस्थली सहकारीको अध्यक्षमा पुनः भूर्त्याल

पोखरा ३० असोज ।(गोल्डेन)

पोखरा-५, पर्स्याङमा रहेको धर्मस्थली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आठौं सधारणसभा शनिबार पोखरामा सम्पन्न भएको छ । साधारण सभाले पुन : कृष्णमणि भूर्त्यालयको अध्यक्षतामा आगामी तीन बर्षका लागि ११ सदस्यीय कार्य समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा महेश्वर पराजुली, सचिवमा नारायण प्रसाद गौतम, सह-सचिवमा लेखनाथ भट्टराई, कोषाध्यक्षमा सशीराज भूर्त्याल र सह- कोषाध्यक्षमा कृष्ण प्रसाद कोइराला चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा शारदा अधिकारी, शारदा बहादुर थापा, बशन्तराज गौतम, कृष्ण प्रसाद अधिकार र विष्णु प्रसाद भट्टराई चयन भएका छन् । यसअघि सधारणसभाको उद्घाटन गर्दै सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखराका प्राचार्या बद्रिनाथ अधिकारीले सामाजिक, साँस्कृतिक र आर्थिक आधार तयार पार्न संगठन हुने आधार सहकारी रहेको वताए । उनले बृद्ध बृद्धाको सम्मान, रक्तदान, भूकम्प प्रभावितहरुलाई राहत प्रदान जस्ता कार्य गरेर राज्यले गर्ने कार्य सहकारीका माध्यमबाट भएको उल्लेख गरे । सो अवसरमा एसएलसीमा उत्कृष्ट भएका सहकारीमा आबद्ध शेयर सदस्यका छात्र-छात्रा मध्येबाट एक एक जनालाई जनही २ हजार पाँच सय र दश जोड दुई उत्रिण मध्य उत्कृष्ट एक जना छात्रालाई तीन हजार र प्रमाणपत्रले सम्मान गरिएको थियो । सहकारीका अध्यक्ष अध्यक्ष कृष्णमणि भूर्त्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अतिथि टोल सुधार समन्वय समितिका अध्यक्ष उज्वल खत्री, सहकारीका सल्लाहकार हेडम्व प्रसाद कोइराला, र पुरुषोत्तम पराजुलीले शुभकामना मन्तब्य राखेका थिए । कार्यक्रममा सहकारीका उपाध्यक्ष राजेन्द्र प्रसाद कोइरालाले स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव महेश्वर पराजुलीले गरेका थिए ।

आवश्यकता

कुक	१ जना
कुक हेल्पर	१ जना
वेटर/रूम ब्वाई	१ जना
हाउस किपिङ	२ जना

सम्पर्क
होटल साइलेन्ट पिक
लेकसाइड, पोखरा
फोन : ०६१-४६२८५७

खाजाघर विक्रीमा

पोखराको चिप्लेढुंगा स्थित मानवअधिकार चोक अगाडि अत्यन्त चालु अवस्थामा रहेको खाजाघर विशेष कारणले तु-विक्रीमा छ ।

सम्पर्क : ९८०५८१५६९१
९८०५८७३१९१

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)

स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।

केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.

Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look

उचाई बढाउन Step Up, Triple Height

तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)

थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।

हाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेनतिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स

(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा

061-539070, 9856035331, 9804122919

फ्रि होम डेलिभरी

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

जीवन के.सी.

मो. ९८५६०-३८०६६
९८०६६-४०६८५

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

Soaltee

विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिलामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिवा, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ॥

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पित्तास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मल्लिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

फ्रि होम डेलिभरि

पोखराको विभिन्न संस्थामा शुभकामना आदान-प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

नेपालीहरुको महान पर्व विजयादशी तथा शुभ दीपावलीको अवसरमा पोखरामा क्रियाशिल संघ-संस्थाहरुले शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गरेका छन् । कार्यक्रममा उनीहरुले हरेक नेपालीको सुख, शान्ति, सु-स्वास्थ्य, दीर्घायु, उत्तरोत्तर प्रगतिको साथै संवृद्ध नेपालको कामना गरेका छन् । यसैक्रममा **धादिङ-पोखरा सम्पर्क समिति**ले मुलुकमा नयाँ संविधान जारी भएपछि संवृद्ध नेपालको कामना एवं सबै नेपालीहरुको सुख र शान्तिको कामना गर्दै शुभकामना आदान-प्रदान गरिएको छ । कार्यक्रममा समितिका पदाधिकारी, सदस्य, सल्लाहकार एवं साधारण सदस्यहरुले सबै नेपालीबीच एकताको कामना समेत गरे ।

समितिका अध्यक्ष झम्कबहादुर सारु मगरको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गोकर्ण लम्साल, उपाध्यक्ष गुणप्रसाद सापकोटा, सल्लाहकार परिषद् संयोजक रुद्र प्रसाद खनाल, सल्लाहकार परिषद् सदस्य वीरबहादुर थापा, कोषाध्यक्ष लालप्रसाद पाठक,सह-सचिव शम्भु अधिकारी, सह-कोषाध्यक्ष समिर अर्याल लगायतले शुभकामना आदान-प्रदान गरेका थिए ।

यसैगरी **तराना म्यूजिक सेन्टर**मा पनि शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो । नेपालीहरुको महान चाडको अवसर पारेर उक्त सेन्टरमा सांगीतिक कार्यक्रम सँगै सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा सर्बप्रथम दशैं सम्बन्धी मालश्री गीत श्रीमान थुलुङ र कृष्ण पराजुलीले प्रस्तुत गरेका थिए ।

साथ साथै अन्य गीत हरु पनि प्रस्तुत गर्ने पशिक्षार्थीहरु केशब सुवेदी, सविन नेपाली, प्रमिला तामाङ, उमेश राई, हरि पुन, माया गुरुङ्ग, सुजन दुरा, तेजु पुन, सुर्य गुरुङ्ग, शान्ति राई, समिर गुरुङ्ग, आदित्य सुनार, वीरबल घताने, संजय दुरा, वीरेन्द्र श्रेष्ठ, सुष्ता मल्ल, रुबिया जोशी, शुम्भलाल श्रेष्ठ, साजन बाग्दास लयायतले सांगितिक प्रस्तुति गरेका थिए । कार्यक्रमा संगीतकार श्रीमान थुलुङको सभापतित्व अधिवक्ता कृष्ण पराजुलीको विशेष आथित्यता रहेको थियो । स्वागत मन्तब्य प्रशिक्षार्थी वीरबल घतानेले गर्नुका साथै गायक उमेश राईले कार्यक्रम सञ्चालन गरेका थिए ।

यसैगरी नेपालीका महान पर्व आगमनको अवसरमा **नव आदर्श सामुदायिक विकास समाज लामाचौर**ले शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ । वडा दशैं, दिपावली, नेपाल सम्वत्, छठ र ल्होसार पर्वका अवसरमा आयोजित कार्यक्रममा सहभागीहरुले पर्वहरुको शुभकामना व्यक्त गर्दै युवा पिंढीमा बढ्दै गएको विकृतिप्रति चिन्ता व्यक्त गरेका छन् । समाजका अध्यक्ष धर्ममानसिंह भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा लामाचौँर खेलकुद विकाश समितिका अध्यक्ष एवम् समाजका पूर्व सचिव सुरेन्द्रमानसिंह भण्डारी, पूर्व अध्यक्ष नविन भण्डारी, लामाचौर व्यापारिक समतिका अध्यक्ष गिरीधारी शर्मा, पोखरा १९ का वडा सचिव सूर्य नेपाली, सामाजिक परिचालक सरिता के.सी., समाजका पूर्व अध्यक्ष बुद्धिबहादुर खत्री क्षेत्री लगायतका महिला नागरिक समाज तथा राजनीतिक दलका प्रतिनिधिले लामाचौर क्षेत्र व्यापारिक र आर्थिक रुपमा विकास भए संगै विकृति बढेको भन्दै त्यसलाई नियन्त्रण गर्न आग्रह गरेका हुन् । उनीहरुले विकृति नियन्त्रण र संस्कृति संरक्षणमा अगुवाई गर्न समाजलाई सुझाव दिएका हुन् । सचिव लक्ष्मी पाण्डेले सञ्चालन गरेको कार्यक्रममा एक आपसमा शुभकामना आदान-प्रदान समेत गरिएको थियो ।

यसैगरी **मोहरिया सिंहनाथ टोल विकास संस्था पोखरा-१ बगर**ले पनि शुभकामना आदान-दान एवं जलपान कार्यक्रम आयोजना गऱ्यो । आफ्नै भवनमा आयोजित कार्यक्रममा बोल्दै गतवर्षको एसएलसीमा कास्की प्रथम प्रतिष्ठा बुद्धाचार्यले विभिन्न जातजाति, भाषभाषी र धर्म संस्कृतिबीच द्वन्दको अवस्था सृजना भइरहेको वर्तमान समयमा विजयादशीलाई राष्ट्रिय पर्वको रुपमा बनाउन र सबै नेपालीलाई एकताको सुत्रमा जोड्न सघाउ पुऱ्याउने विश्वास व्यक्त गरिन् । कार्यक्रममा सल्लाहकार प्रकाशमाज गुभाजुले सभ्य ढङ्गले दशैं मनाउन आग्रह गरे । टोल विकास संस्था समन्वय समिति वडा नं. १ का अध्यक्ष चन्द्रबहादुर गुरुङले टोल विकासका लागि नगरपालिकाबाट विभिन्न किसिमका सहयोगहरु आवश्यक पर्ने भन्दै सुन्दर नगरी पोखरालाई जोगाउन सबै लाग्नुपर्नेमा जोड दिए । उनले विजयादशमीलाई अहिंसाको पर्वका रुपमा मनाउन समेत आग्रह गरे । संस्थाका अध्यक्ष दुर्गामान बुद्धाचार्यको अध्यक्षतामा भएको कार्यक्रममा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका उपाध्यक्ष पवित्रराज रेग्मी, सदस्य इन्दिरा लम्साल, सह-सचिव गंगा बुद्धाचार्य लगायतले शुभकामना आदान-प्रदान गरेका थिए ।

सहकारी व्यवस्थापन सम्बन्धी तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

सिद्धार्थ क्लव पोखराको प्रवर्द्धनमा पोखरा २४ कृस्तीका दलित समुदायद्वारा सञ्चालित मिर्मिरे कृषि सहकारी संस्था लिमिटेडका शेयर सदस्य तथा संञ्चालक समितिका पदाधिकारीहरु का लागि आयोजित दुईदिने सहकारी व्यवस्थापन सम्बन्धि तालिम शनिवार सम्पन्न भएको छ । दलित समुदायलाई कृषि तर्फ प्रेरित गर्दै आवश्यक लगानी सहकारी मार्फत कम व्याजदरमा उपलब्ध गराउने सोंचका साथ गठित सहकारीका सदस्यलाई सहकारीको बारेमा जानकारी तथा प्रभावकारी व्यवस्थापन शिप विकास गर्ने उद्देश्यका साथ आयोजित तालिमको सहिजकरण सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्कीका सहकारी निरीक्षक बिष्णु कुमारी पोखरेल तथा सिद्धार्थ क्लव पोखराका लेखापाल गोपाल श्रेष्ठले गरेका थिए ।

सहकारीको दिगोपना, प्रभावकारी व्यवस्थापन, लेखा र सहकारीका विनियममा केन्द्रित तालिममा मिर्मिरे सहकारीका २१ जना संचालक समितिका पदाधिकारी तथा शेयर सदस्यको उपस्थिति

रहेको थियो भने सो अवसरमा विभिन्न छलफल केन्द्र तथा तरकारी समूहहरुका लागि कृषि सामाग्री प्रदान गरिएको थियो ।

तालिम समापनको अवसरमा बोल्दै सिद्धार्थ क्लवका सचिव तीर्थ श्रेष्ठले सहकारी सस्था भनेको थोरै बचतबाट शुरुवात भई भावी दिनमा धेरै प्रतिफल कमाउन सक्ने संस्था भएको हुँदा सहकारीलाई अगाडि बढाउनका लागि सहकारीका सम्पूर्ण सदस्यहरुलाई सक्रियताका साथ लाग्नुपर्ने र त्यसका लागि सिद्धार्थ क्लव आवश्यक सहयोग गर्न सदैव तत्पर रहेको बारे जानकारी गराए । मिर्मिरे कृषि सहकारीका अध्यक्ष शान्ता रसाईलीले सिद्धार्थ क्लव पोखराका मिर्मिरे कृषि सहकारी प्रतिको अतुलनीय सहयोगप्रति आभार प्रकट गर्दै संस्थालाई अगाडि बढाउनका लागि आफू तदारुकताका साथ लागि पर्ने बारे अनुरोध गरे ।

तालिमको उद्देश्य माथि सिद्धार्थ क्लव नागरिक शिक्षा अधिकृत मनकुमारी पुनले प्रकाश पारेका थिए । कार्यक्रम सञ्चालन सामाजिक परिचालक हेमराज अधिकारीले गरेका थिए ।

मनोहर क्लबद्वारा विभिन्न व्यक्तित्व सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

मनोहर युवा क्लबले विजया दशमी तथा शुभ दिपावलीको पावन अवसरको उपलक्ष्यमा शुभकामना आदान तथा सम्मान कार्यक्रम शनिवार सम्पन्न गरेको छ । पोखरा -१८ को मनकामना टोलमा रहेको क्लबले मनकामना टोलबासी र मनोहर युवा क्लबका आजीवन सदस्य र आजीवन सदस्यका छोराहरु, अधिवक्ता, इन्जिनियर, डाक्टरको अध्ययन पूरा गरेका छन् उनीहरुलाई शनिवार सम्मान गरेको छ । कार्यक्रमको प्रमुख अतिथि शिक्षाका ज्योति जोर्ज जोनले पानसमा द्वीप प्रज्वलन गरी उद्घाटन गरेका थिए ।

उद्घाटन मन्तव्य राख्दै प्रमुख अतिथि जोनले सम्मानित व्यक्तिहरुलाई बधाई दिंदै प्रत्येक व्यक्तिले आफ्नो काम सँगै सामाजिक कार्यमा पनि केही समय खर्चन आग्रह गरे । कार्यक्रमका विशेष अतिथि स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बाँस्तोला ले क्लबले गरेको कार्यक्रमको प्रशंसा गर्दै अबका दिनहरुमा पनि क्लबले रचनात्मक र विकासका कार्यमा अघि बढ्नुपर्ने बताए । कार्यक्रममा प्रमुख अतिथि जोर्ज जोन प्रतिष्ठानका सम्मानित व्यक्तित्व जोर्ज जोन, विशेष अतिथि कृष्णप्रसाद बाँस्तोलाले सम्मानित व्यक्तित्वहरु ई. अवित के.सी., ई. मनोज बानियाँ, ई. बालकृष्ण अधिकारी, ई. अर्जुन के.सी., अधिवक्ता उत्तम के.सी., रामजी जि.सी., रविकरण पराजुली, रविन कार्की, रचना बानियाँ, अन्जु के.सी., देवी भुजेल लगायतलाई सम्मान पत्र र दोसल्लाले सम्मान गरेका थिए । मनोहर युवा क्लबका अध्यक्ष एवं कार्यक्रमका सभापति रामजी जि.सी.ले कार्यक्रममा सहभागी भएका र कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिंदै सम्मानित व्यक्तिहरुले क्लबका हरेक क्रियाकलापमा सहभागी भई क्लबका क्रियाकलापलाई अगाडि बढाउन आग्रह गरे । कार्यक्रममा राप्रपा जिल्ला अध्यक्ष एवं मनोहर क्लबका वरिष्ठ सल्लाहकार जे.वी. कुँवर, नेपाली काँग्रेस इकाई १८ का अध्यक्ष एवं क्लबका सल्लाहकार बोधराज कार्की, नेकपा एमाले इकाई अध्यक्ष माओ थापा, एमाओवादीका अध्यक्ष खड्क वि.क., वडा नागरिक मञ्च १८ का संयोजक एवं क्लबका संस्थापक अध्यक्ष ललित बानियाँ, क्लबका सल्लाहकार रोमबहादुर कार्की, सल्लाहकार रेशम जि.सी., महिला समन्वय समिति १८ की अध्यक्ष एवं सल्लाहकार इन्द्रामाया बानियाँ, टोल विकास समन्वय समितिका अध्यक्ष तोरण खड्का, मनकामना मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बासुदेव बानियाँ, बोरिङ खानेपानीका अध्यक्ष शिवप्रसाद पोखरेल, मसिना निमावि व्यवस्थापन समितिका अध्यक्ष जगन्नाथ तिमिल्सिना, समाज सुधार आमा समूहकी अध्यक्ष मोतीमाया अधिकारी, सम्मानित व्यक्तित्व ई. मनोज बानियाँ, अधिवक्ता उत्तम के.सी. लगायतले विजया दशमी तथा दिपावलीसँगै देशमा शान्ति र स्थायित्व होस् भनी कामना गरेका थिए । मनोहर युवा क्लबका अध्यक्ष रामजी जि.सी.को अध्यक्षतमा भएको कार्यक्रममा स्वागत मन्तव्य कोषाध्यक्ष शैलेष बानियाँ र सञ्चालन सचिव रविकिरण पराजुलीले गरेका थिए ।

उत्कृष्ट काम...

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक श्रेष्ठले दिवसको अबसरमा प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालबाट प्राप्त सन्देश पढेर सुनाएका थिए । प्रहरी दिवसको अवसरमा पश्चिम क्षेत्रीय प्रहरी कार्यालयको आयोजनामा बिहीवार पोखराको फेवातालबाट चार ट्रक जलकुम्भी झार निकालिएको थियो भने शुक्रवार आयोजित रक्तदान कार्यक्रममा ८० युनिट रगत संकलन भएको थियो ।

नवरात्री उत्सव हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

द आर्ट अफ लिभिङले आइतबारदेखि मंगलबारसम्म पोखरामा नबरात्री उत्सव गर्ने भएको छ । पोखरामा पहिलो पटक गर्न लागिएको नबरात्री उत्सव (रुद्र पूजा तथा दुर्गा हवन) समारोह कार्तिक १ गते देखि ३ गते सम्म हुने आयेजकले जनाएको छ । उत्सव केदारेश्वर मन्दिर बैदाममा विहान ६ बजे देखि ९ बजे सम्म रुद्र पूजा तथा दुर्गा हवन र प्रत्येक दिन साँझ ५ बजे देखि ७ बजे सम्म लतिता सहश्रवणम् सत्सङ हुने पोखरा सेन्टरका संयोजक नरेश भट्टराईले बताए । पोखारमा पहिलो पटक आयोजना गर्न लागीएको नबदुर्गामा नबरात्री उत्सवले मनमा शान्ति मिल्ने भट्टराईको भनाई छ । उनले उत्सवमा इच्छुक सवै जना लाई सहभागी हुन आग्रह समेत गरे । आर्ट अफ लिभिङका टिचर, भेलिन्टियरहरुले पोखरामा पैदल हिडेर निम्ताकार्ड बाडदै शहरको परिक्रममा समेत गरेका थिए । सनातन धार्मिक परम्परा अनुसार पोखरा केन्द्र बाट पहिलो पटक विजया दशमीको अबसरमा वैदिक विधिद्धारा गरिने विशेष नवरात्री यत्सवको छट्टै महत्व रहेको बताइएको छ । आर्ट अफ लिभिङ पोखराले यस क्षेत्रमा विगत १४ बर्षदेखि योग, प्राणायम, ध्यान, सुदर्शन क्रिया गराउँदै आएको छ ।

बर साम्मी मट्टिखान सहकारीको आठौं साधारणसभा

पोखरा ३० असोज ।(गोल्डेन)

पोखरा उपमहानगरपालिका वडा नं १७ स्थित श्री बर साम्मी मट्टिखान बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो । जिल्ला सहकारी संघ कास्कीका निवर्तमान अध्यक्ष तेजनारायण अधिकारीले साधारण सभाको उद्घाटन गर्दै समाजमा छरिएर रहेको पुजिंलाई एकत्रित गरी सामाजिक हित अभिवृद्धि गर्ने लक्ष्य राखेर सहकारी स्थापीत हुने गरेको चर्चा गरे । कार्यक्रममा सहकारीको कार्यक्षेत्र भित्र पर्ने सामुदायिक विद्यालयवाट २०७१ सालको एसएलसीमा सर्वोत्कृष्ट अकं ल्याउने सरस्वती टिका उच्च माविका छात्र उदयराज अधिकारी, सोही विद्यालयका छात्रा रविना आचार्यलाई सम्मान गरिएको थियो । त्यसैगरी शेयर सदस्यहरुका छोरा छोरीमध्येवाट २०७१ सालको एसएलसी परिक्षमा सर्वोत्कृष्ट अंक ल्याउने छात्र सागर अधिकारी र छात्रा आस्था गौतमलाई सहकारीका अध्यक्ष तिलकप्रसाद आचार्य, प्रमुख अतिथि अधिकारी र शिक्षा उप समितिका सदस्य प्रविण आचार्यले संयुक्त रुपमा प्रमाणपत्र र मायाको चिनो प्रदान गरेका थिए ।

उत्कृष्ट शेयर सदस्य पुरस्कार शेयर सदस्य भगवती सुवेदीलाई पनि सोही समारोहका सम्मान गरिएका थियो । बर साम्मी मट्टिखान बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष तिलकप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा शेयर सदस्यको तर्फवाट घनश्याम भण्डारी, निलगिरी बचत तथा ऋण सहकारीका अध्यक्ष कालिदास पौडेल, विरुवा बचत तथा ऋण सहकारीका अध्यक्ष भेषराज बराल, राष्ट्र सेवक बचत तथा ऋण सहकारीका अध्यक्ष बैकुण्ठ आचार्यले वोलेको कार्यक्रममा बर साम्मी मट्टिखान बचत तथा ऋण सहकारी कार्यसमितिका उपाध्यक्ष रामजीप्रसाद पोखरेलले स्वागत र संचालन सदस्य र ऋषिराम भण्डारीले गरेका थिए ।

मत्तक मञ्चमा मुत्तक वाचन

पोखरा ३० असोज ।(गोल्डेन)

मुक्तक मञ्च पोखराले आफ्नो नियमित मुक्तक वाचनको ८९औं श्रृङ्खला दसैँ र तिहारको शुभकामना आदान-प्रदानसँगै शनिबार सम्पन्न गरेको छ । मञ्चकी अध्यक्ष सरला लामिछाने 'सरु'को अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष परिवर्तन, सल्लाहकार रुपिन्द्र प्रभावी, गजल सन्ध्याकी अध्यक्ष बिर्सना बस्नेत, सन्ध्याकै उपाध्यक्ष अमृत सुवेदी 'गुराँस', पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष सुरेश रानाभाट, अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारी, युथ क्रियशन थिएटरका सचिव सौगात सङ्घर्ष, साहित्यकार मदन भण्डारी, वसन्त विवश, रीता लामिछाने, अम्बिका भण्डारी लगायतले शुभकामना सँगै रचना वाचन गरेका थिए । कार्यक्रमको सञ्चालन सहसचिव भरत पौडेलले गरेका थिए । मञ्चले हरेक महिनाको अन्तिम शनिबार नियमित मुक्तक वाचन गर्दै आएको छ ।

जलकुम्भी झार निकाल्नेक्रम जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

वेगनासतालमा रहेको जलकुम्भी निकाल्ने काम जारी रहेको छ । लेखनाथ नगरापालीका कार्यलय लगायत लेखनाथमा रहेका विभिन्न संघ सस्थाको सहकार्यमा मिशन जलकुम्भी अभियान जारी रहेको छ । कार्यक्रममा लेखनाथ वुदोकाई कराँतेका करिव २५ जनाको उपस्थिति रहेको थियो । शनिवार भएको कार्यक्रममा वोल्दै लेखनाथ नपालिकाका कानून अधिकृत राममणि अधिकारीले अवको केही हप्तामा सफा वेगनासताल सफा हुने जानकारी दिए ।

कार्यक्रममा वोल्दै नेशनल एफ एम ८८.२ मेगाहर्जका समाचार प्रमुख सन्दिप पौडेलले वेगनासताल सफा भए पछाडि रुपाताल सफाई अभियान शुरु हुने जानकारी दिए ।

सरसफाइ सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

मासबारमा रहेको शसक्त नमुना महिला समूहले पोखरा-७ मासबारमा रहेका विभिन्न सार्वजनिक स्थलहरु सरसफाई गरेको छ । समूहले पोखरा ७ पोखरी पाटनमा रहेको पोखरी, चौतारा र सडक सरसफाई गरेको हो । नेपालीहरुको ठूलो चाड विजया दशमीको अवसर पारेर समूहले सर सफाइ गरेको हो । समूहमा सक्रिय महिला तथा अन्य स्थानीहरुको सहयोगम सरसफाई गरेको सशक्त नमूना महिला समूहकी अध्यक्ष विन्ध्येश्वरी बरालले जानकारी दिइन् । बेला बेलाम विभिन्न सामाजीक काम गर्दै आएको बताउदै बराले समूहले आगामी दिनमा पनि सर सफाइ अभियानलाई निरन्तरा दिने बताइन् । उनले पहिले आफ्नो घर देखि सफाइ अभियान चलाउने हो भने घर, आगन, टोल हुदै देशलाई ने स्वच्छ सुन्दर बनाउन सकिने बताइन् ।

मिस क्विनको ट्यालेन्ट राउण्ड सोमबार

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

लेखनाथमा पहिलो पटक हुन लागेको मिस क्विन लेखनाथको ट्यालेण्ट राउण्ड सोमवार हुने भएको छ । शनिवार एक कार्यक्रम गर्दै आयोजक लेखनाथ मिडिया हाउसले जानकारी गराएको हो ।

विगत १ महिना देखि चल्दै आएको तालिममा नेपालकै पहिलो कोरियोग्राफर प्रशान्त ताम्राकार, लेखनाथ नगरपालिकाका कानुनी अधिकृत राममणि अधिकारी, कार्यक्रम संयोजक सन्दिप पोडैल, फोटो मण्डालका सन्दिप तिवारी लगायतले तालिम दिई सकेको कार्यक्रम सहसंयोजक डविन गुरुङ्गले जानकारी दिए । मिस क्विन लेखनाथमा १५ जना प्रतिस्पर्धी लेखनाथ क्षेत्र भित्रवाट नै रहेका छन् । कार्यक्रममा उपाधि विजेताले ५० हजार, फस्ट रनर अपले ३० हजार र सेकेन्ड रनर अपले १५ हजार का साथै अन्य धेरै पुरस्कार जित्ने आयोजकले जानकारी गराएको छ ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।

❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोनः०६१-५५०२५२, मो. ९८४६०-४१४९२

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

खेलकूदको विकासमा सहकार्य र एकता आवश्यक-पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले खेलकुदको विकासका लागि सहकार्य र एकता आवश्यक रहेको बताएका छन् । नेपालीहरुको महान पर्व बडा दशैको अवसरमा कास्की जिल्ला खेलकुद विकास समितिले शनिबार आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै पोखरालाई खेलकुदको राजधानी बनाउन कुरा भन्दा काम गरेर देखाउने बेला आएको बताए । उनले धेरै बोलियो अव व्यवहारमा देखाउन काम गर्नुपर्ने बेला आएको छ । उनले आफनो स्वार्थ खेलकुदको विकास गर्नु बाहेक अन्य नभएको दोहोर्‍याउदै सम्पूर्ण खेलकर्मीहरु संग सहकार्य गरेर अगाडि बढने प्रतिबद्धता गरे । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका निर्वतमान अध्यक्ष दिपक कोइरालाले पूर्व अध्यक्षहरुलाई पनि बोलाएर बोल्ने अवसर दिएर खेलकुदमा पुर्‍याएको योगदानको मूल्याङकन गर्ने अवस्था सृजना कार्यक्रमले गरेको भन्दै खेलकुदको विकासका लागि सवै एक जुट हुनुपर्ने बताए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले खेलकुदका पदाधिकारी वीच रहेको कटुतालाई अन्त्य गर्दै विकासमा लाग्न आग्रह गरे । पोखरा उपमहानगरपालिकाका बरिष्ठ कानुन अधिकृत

नारायणप्रसाद शर्माले ४ वर्षीय कार्यकाललाई सफल बनाउन सवैसंग सहकार्य अगाडि बढन सुझाव दिए । पोखरा उद्योग बाणिज्य संघका कोषाध्यक्ष दिलिपराज श्रेष्ठले पोखरालाई खेलकुदको शहरका रुपमा अगाडि बढाउन आवश्यक रहेकोमा जोड दिए । कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यमबहादुर गुरुङले खेलकुदमा राजनीति नहुने भन्दै जुनसुकै राजनीतिक पार्टीबाट नियूक्ति भएर आएको भएपनि रगंशालाको गेटभित्र आउदा त्यसलाई त्यागेर खेलकुदको भावनाका साथ काम गर्न आग्रह गरे । नेपाल आर्चरी संघका अध्यक्ष हरिध्वज तुलाचनले पोखराको समग्र खेलकुदको विकासका लागि सवै एकजुट हुनुपर्ने बताए ।

यसैबीच सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत काठमाडौंमा सम्पन्न राष्ट्रिय बडिबिल्डिङ प्रतियोगितामा ५० केजी तौलमा पदक जित्न सफल खेलाडी सुरेश गुरुङलाई सम्मान गरिएको थियो । त्यस्तै कार्यक्रममा भलिबल खेलाडी संजु शाह र रमेश केसीलाई नगद प्रदान गरिएको थियो । सनराईज हङकङ स्पोर्टस क्लबले पठाएको ४० हजार रुपैयाँ शाह र केसीलाई जनही २०/२० हजार रुपैयाँ प्रदान गरिएको थियो । उनीहरुलाई क्षेत्रीय अध्यक्ष पौडेल, जिल्ला अध्यक्ष गुरुङ र उपाध्यक्ष खगेन्द्र गौचनले सम्मान तथा नगद प्रदान गरेका थिए ।

युवा संघ र खेलकुद पदाधिकारी सम्मानित

युवा संघ नेपालको हालै राजधानीमा सम्पन्न केन्द्रीय कमिटी बैठकबाट अध्यक्षमा निर्वाचित पदाधिकारी र खेलकुद परिषद तथा पश्चिमाञ्चल क्षेत्र र जिल्ला खेलकुद विकास समितिमा मनोनित पदाधिकारीलाई पोखरामा सम्मान गरिएको छ । पोखराको लेकसाइमा रहेको ओजन कम्प्लेक्सले शनिबार एक कार्यक्रमका वीच युवा संघ अध्यक्ष राजीव पहारी, सचिव माधव बाँस्तोला, राष्ट्रिय खेलकुद परिषदका सदस्य फत्तबहादुर गुरुङ, कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङ, जिल्ला खेलकुद विकास समितिका कोषाध्यक्ष दिपकबहादुर गोदार, जिल्ला सदस्य नुना गुरुङलाई सम्मानपत्र सहित सम्मान गरिएको हो । उनीहरुलाई नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, ओल कम्प्लेक्सका संचालक महेन्द्र गुरुङले सम्मान गरेका थिए । सम्मानपछि बोल्दै पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले सबैलाई समेटेर अगाडि बढन आग्रह गरे । उलने विगतमा देखिएका गुटउपगुटलाई समाप्त पार्दै अध्यक्ष बन्न सफल भएको भन्दै गुटले कसैलाई फाइदा नगर्ने बताए । अध्यक्ष पहारीले युवा संघ सधैं युवाहरुको पक्षमा रहेको बताउदै युवाहरु उत्पादनशिल काममा लाग्नुपर्ने बताए । उनले युवा संघले आर्थिक विकासलाई तीव्रता दिन जहाँ युवा त्यहाँ उत्पादन भन्ने नारा अधि सारेको बताए । राष्ट्रिय खेलकुद परिषद्का सदस्य फत्त गुरुङले खेलकुदको विकासका लागी सवैको सहयोग र साथ मिल्ने अपेक्षा गरे । कार्यक्रम ओजन कम्प्लेक्सका संचालक महेन्द्र गुरुङको अध्यक्षतामा भएको थियो भने संचालन ओम लामाले गरेका थिए ।

कैलाश विकास बैंकको २२औं साधारणसभा
मर्जका लागि उपयुक्त सारथीको खोजी-गिरी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

काठमाडौंमा प्रधान कार्यालय रहेको कैलाश विकास बैंक लिमिटेड को २२औं वार्षिक साधारणसभा शनिबार पोखरामा सम्पन्न भएको छ । संस्थाले गत आ.व.मा २५ करोड ४३ लाख खुद मुनाफा आर्जन गरेको र २०७२ आषाढ मसान्तको सञ्चित मुनाफाबाट चुक्ता पुँजीको २४ प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने प्रस्ताव साधारणसभाले पारित गरेको छ । यो संगै बैंकको कूल चुक्ता पुँजी अब १ अर्ब ११ करोड रुपैयाँ हुने भएको छ । यसअघि बैंकको कूल चुक्ता पुँजी ८९ करोढ रुपैयाँ थियो । संस्थाको आ.व. २०७१/ ०७२ को वासलात तथा सोही मितिको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेत साधारणसभाले पारित गरेको बैंकले जनाएको छ । बैंकले २०७४ आषाढ मसान्तसम्ममा कूल चुक्ता पुँजी २ अर्ब ५० करोड रुपैयाँ पुर्‍याउन राम्रो र उपयुक्त वित्तिय संस्थासंग छलफल गरि मर्जरको प्रक्रिया अघि बढाइरहेको बैंकका अध्यक्ष राजेन्द्र गिरीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । अध्यक्ष गिरीका अनुसार यदि कुनैपनि वित्तिय संस्था मर्ज हुन नसके आफ्नै शेयरधनीबाटै पुँजी वृद्धि गरि राष्ट्रबैंकको नयाँ नीति अनुसार बैंकलाई अघि बढाइनेछ । कुनै वित्तिय संस्थासंग कुरा मिले अबको २/३ महिनाभित्रै मर्जर सम्झौता हुने उनले बताए । बैंकलाई मर्जर प्रक्रिया अघि बढाउन गत वर्षको साधारणसभाले नै अनुमति दिइसकेको थियो ।

बैंकले यहि असोज २९ गतेसम्ममा ९ अर्ब ५८ करोड रुपैयाँ निक्षेप संकलन एवं ८ अर्ब ७ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ । बैंकले विभिन्न जिल्लाका २५ शाखामार्फत इन्टरनेट बैंकिङ्ग, एसएमएस बैंकिङ्ग सुविधा सहित १४ वटा एटीएम मेशिनद्वारा आफ्नो सेवा प्रदान गर्दै आएको छ । यस्तै गोरखा, पालुङ्गटार नगरपालिकाको ठाँटीपोखरीमा नयाँ शाखा थप गरी कारोवार संचालन गर्ने बैंकले तयारी गरेको छ ।

बैंक संचालक समितिका अध्यक्ष राजेन्द्र गिरीको अध्यक्षतामा भएको २२औं साधारणसभामा कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछाने, संचालक दीपक श्रेष्ठ, कम्पनी सचिव गंगाधर पराजुलले बैंकको गतिविधि बारे चर्चा गरेका थिए भने शेयरधनीहरु अमर तुलाचन, युक्त बहादुर सुवेदी र हरिकृष्ण बाग्ले लगायतले संचालक समितिलाई विभिन्न सुझाव दिएका थिए । कार्यक्रममा बोल्दै अध्यक्ष गिरीले सबै संचालक एवं शेयरधनीहरुलाई यसअघि खेलेको भूमिकाप्रति धन्यवाद ज्ञापन गर्दै सबैको सल्लाह र सहयोगबाट अझै उत्कृष्ट बैंक बनाउन लागि पर्ने बताए ।

पोखरामा प्रधान कार्यालय रहि स्थापित अन्नपूर्ण फाइनान्स कम्पनी लिमिटेडबाट स्तरोन्नति हुँदै २०६९ सालमा कैलाश विकास बैंक बन्न सफल भएको थियो । कैलाश विकास बैंक मुलुककै उत्कृष्ट बैंकहरुमध्ये एक हो । बैंकलाई नेपाल चाटर्ड एकाउण्टेन्ट संस्थाले उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन प्रस्तुत गरेकोमा २ पटकसम्म अर्वाड प्रदान गरिसकेको छ भने अन्य विभिन्न संस्थाबाट समेत सम्मानित भइसकेको अध्यक्ष गिरीले बताए ।

मधुमेह परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

लायन्स क्लब अफ तनहुँ व्यास सिटी, लायन्स क्लब अफ तनहुँ, लायन्स क्लब अफ तनहुँ भानुभक्त, लायन्स क्लब अफ तनहुँ सत्यवती र लियो क्लब अफ तनहुँको संयुक्त आयोजनामा तनहुँको दमौलीमा निःशुल्क मधुमेह परीक्षण तथा सचेतना कार्यक्रम सम्पन्न भएको छ । पोखराको न्यूरोड, गिरी कम्प्लेक्समा रहेको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)को प्राविधिक सहयोगमा भएको शिविरमा एक सय बढीको खानाअघि र खानापश्चात मधुमेह परीक्षण गरिएको थियो। शिविरमा अन्य सबै प्रकारका रक्त परीक्षणमा पनि ५० प्रतिशत छुट दिइएको थियो। कार्यक्रमका प्रमुख अतिथि मधुमेह, थाइराइड तथा हर्मोन रोग विशेषज्ञ डा. तीर्थलाल उपाध्यायले मधुमेह लगायत धेरै रोगबाट बाच्न खानपिनमा सचेत हुनु पर्नेमा जोड दिए। मधुमेहबाट पीडित हुनेको सङ्ख्या दिनानुदिन बढिरहेकाले र यो अन्य रोगको मूल भएकाले समय-समय परीक्षण र उपचार गर्न उनले सल्लाह दिए। युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले आफूहरूले सामाजिक उत्तरदायित्व बोध गरी विभिन्न स्थानमा निःशुल्क शिविर सञ्चालन गरेको बताए। अघोषित नाकाबन्दीका कारण इन्धन अभाव र दसैं लागिसकेको अवस्थामा पनि स्थानीयको उल्लेखनीय सहभागिता भएकोमा उनले धन्यवाद ज्ञापन गरे। कार्यक्रममा चिफ डिष्टिक एडभाइजर अशोककुमार श्रेष्ठ र जोन चेयर पर्सन माधवबहादुर पन्तले पनि बोलेका थिए। लायन्स क्लब अफ व्यास सिटीका अध्यक्ष चुडामणि दाहालको अध्यक्षताभा भएको कार्यक्रममा धन्यवाद ज्ञापन लायन्स क्लब अफ तनहुँ भानुभक्तका अध्यक्ष सुरेन्द्र पौडेल, सञ्चालन सचिव पुष्पकला भट्टराई र स्वागत लायन्स क्लब अफ तनहुँका अध्यक्ष श्रीभद्र खनालले गरेका थिए।

कमलपोखरी सहकारीको अध्यक्षमा कार्की

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० असोज ।

पोखरा-१३ मा रहेको कमलपोखरी बचत तथा ऋण सहकारी स.स्था लिको सातौं वार्षिक साधारणसभा एवं तेस्रो अधिवेशन शनिबार सम्पन्न भयो । अधिवेशनले सहकारीको संचालक समितिको अध्यक्षमा रामबहादुर कार्कीलाई निर्वाचित गरेको छ । समितिको उपाध्यक्षमा माधव प्रसाद आचार्य, सचिवमा युवराज त्रिपाठी र कोषाध्यक्षमा रमाकान्त सिग्देल रहेका छन् । यस्तै सहकारीको प्रबन्धकमा गाविन्द प्रसाद आचार्य, संचालक समितिको सदस्यहरुमा टिकादेवी पराजुली बराल, काशी बहादुर क्षेत्री, माधव प्रसाद बाँस्तोला मधु, सरिताकुमारी सिग्देल मिरा र मिराकुमारी कार्की रहेका छन् । यसैगरि लेखा समिति संयोजकमा इन्द्रबहादुर कुँवर र सदस्यद्वयमा कल्पना पराजुली बराल र किरण सिग्देल रहेका छन् । किशोरदत्त बराल संयोजक र कृष्ण प्रसाद सिग्देल सदस्य रहेको निर्वाचन समितिले निर्वाचन सम्पन्न गरेको थियो ।

यसअघि कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि टीका बहादुर कार्कीले आर्थिक एवं सामाजिक योगदानमा कमलपोखरी सहकारीले उत्कृष्ट भूमिका खेलेको बताए ।

संस्थाका अध्यक्ष तारानाथ बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा किशोरदत्त बराल, लोकबहादुर कार्की, भिमबहादुर बराल, युवराज त्रिपाठी, प्रेमराज अधिकारी, शारदा रेग्मी सिग्देलले आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रममा रामबहादुर कार्कीले स्वागत मन्तव्य, अध्यक्ष तारानाथ आचार्यले संस्थागत प्रगति प्रतिवेदन, इन्द्र बहादुर कुँवरले लेखा प्रतिवेदन र शिक्षा समिति प्रतिवेदन शिव प्रसाद बरालले प्रस्तुत गरेका थिए । सबै प्रतिवेदनलाई साधारणसभाले पारित गरेको छ ।

कार्यक्रममा एसएलसीमा उत्तीर्ण शेयर सदस्यका छोराछोरी, उत्कृष्ट निक्षेपकर्ता, रामबहादुर कार्की, जग्गा खरिमा सहयोग गर्ने लक्ष्मणबहादुर खत्रीलाई सम्मान गरिएको थियो , कार्यक्रम संचालन माधव आचार्य र युवराज त्रिपाठीले गरेका थिए ।

दशैं विशेष कार्यक्रम

पोखरा ३० असोज ।

लेखनाथ ७ तालचोकमा अवस्थीत नेशनल एफ एमले नेपालीहरुको महान चाड विजया दशमीको अवसरमा विशेष कार्यक्रम गर्ने भएको छ । एफ एम का कार्यक्रम प्रमुख विनोद परियारले जनाए अनुशार दशैंको अवसरमा टिकाको दिनमा विविध कार्यक्रम गर्ने पुरस्काहरुमा धेरै जनालाई सपिङ्ग, मोवाइल सेट, रिचार्ज कार्ड साथै अन्य धेरै पुरस्कार श्रोताहरुले पाउने वतायतका छन् । एफ एम ले दशै सकिए लगत्तै एक विशेष कार्यक्रम गरी पुरस्कार वितरण गरीने स्टेशन प्रमुख विश्वराज वरालले जानकारी दिए ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

सिटी रेवानको दशैं महोत्सवमा रमाए दर्शक

पोखरा ३० असोज ।(गोल्डेन)

पोखरा रङ्गशालामा जारी चौथो सिटी रेवान दशैं महोत्सव तथा फुड फेष्टिबलमा दर्शकहरु रमाइरहेका छन्। सिटी रेवानले आयोजना गरेको महोत्सवमा सांस्कृतिक कार्यक्रम र बाल उद्यानमा रमाउने दर्शकको संख्या अधिक छ। महोत्सवमा शनिवार लत्ताकपडा तथा दशैं उपभोग्य सामाग्री खरिदका लागि भिड नै लागेको थियो। आयोजकले दशैंलाई लक्षितगर्दै महोत्सवस्थलमा नै च्याङग्रा समेत उपलव्ध गराएको छ । पर्यटन प्रवर्द्धन, सामाजिक सेवा, उपभोक्ताको हित र लोक संस्कृतिको विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो। असोज २२ देखि शुरु भएको महोत्सव कात्तिक २ गतेसम्म चल्ने छ। महोत्सव सकिने दिन नजिकिदै गर्दा दर्शकको सहभागिता पनि बढ्दै गइरहेको छ। विभिन्न संकट र समस्याका बाबजुद पनि महोत्सवमा दर्शकको उत्साहजनक सहभागिता रहेको महासचिव एवं प्रचार संयोजक दिपक तिमिल्सिनाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए। महोत्सवमा आयोजित एकल महिला नृत्य प्रतियोगिता, रत्यौली गित प्रतियोगिता, रेवान तारा बाल नृत्य प्रतियोगिता जारी रहेको छ। महोत्सवमा शनिवार प्रजापति पराजुली, चन्द्र शर्मा, पशुपति शर्मा, शर्मिला गुरुङ, कुमार पुन, कृष्णा गुरुङ, तारापति सुवेदी, माया गुरुङ, शिवहरि ढुङ्गानाको प्रस्तुतीले दर्शकहरुलाई मनोरञ्जन प्रदान गरेको थियो। आइतबार रेवान तारा बाल नृत्य र रत्यौली प्रतियोगिताको फाइनल हुने सांस्कृतिक कार्यक्रम संयोजक जीवन दाहालले बताए।त्यसैगरी महोत्सवको अन्तिम दिन सोमबार गृहणी नृत्य प्रतियोगिताको फाइनल गरिने छ। महोत्सव झण्डै एक लाख दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ। महोत्सव सम्पन्न गर्नका लागि ३७ लाख ८८ हजार खर्च लाग्ने र ४१ लाख ८० हजार आम्दानी हुने अनुमान गरिएको छ। महोत्सवमा व्यवसाय, रेष्टुरेण्ट, सामाजिक सङ्घ/संस्था, सुरक्षा, स्वास्थ्यका स्टलहरु रहेका छन्।

भ्रमण गरौं पूर्वाञ्चल पुरा गरौं मनको रहर

❖ प्रत्येक सोमबार धरान ईलाम हुँदै ७ दिने दार्जीलीङ्ग सिक्किम टुर खाना बाससहित रु.१२०००।-मात्र
❖ प्रत्येक शुक्रबार ३ दिने हलेंसी महादेव दर्शन यात्रा खाना सहित रु.५०००।-मात्र
❖ नेपाल तथा भारतको तीर्थयात्रा तथा खानपान सहितको शैक्षिक भ्रमणहरु गराईन्छ ।

आयोजक
श्रीकृष्ण मनकामना तीर्थयात्रा कं.प्रा.लि.
प्रधान कार्यालय : इटहरी, सुनसरी
पोखरा सम्पर्क : होटल प्लानेटसगै, लेकसाइड, पोखरा
फोन : ९८५२०५७७२९, ९८५६०३९६३३, ०६१-४६४९१९

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा